राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस-विज्ञप्ति

७ चैत, २०७८

*सन्दर्भ : ५७ औं जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय दिवस*

## जातीय विभेदका घटनापीडितको अधिकार सुनिश्चित गर्न आग्रह

संयुक्त राष्ट्र सङ्घद्वारा जारी जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय दिवस (मार्च २१) को अवसरमा राष्ट्रिय मानव अधिकार आयोग सबैलाई शुभकामना व्यक्त गर्दछ ।

नेपाल पक्ष भएको जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ ले सबै किसिमका जात तथा रङ्गका आधारमा हुने भेदभाव उन्मूलन गर्ने तथा जातीय भेदभावका कारण पीडित व्यक्ति वा समूहका अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने उल्लेख गरेको छ । नेपालको संविधानले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक, न्याय सम्बन्धी हक, दलितको हक, सामाजिक न्यायको हक, समानताको हक, छुवाछूत तथा भेदभाव विरुद्धको हकलगायतका अधिकारको सुनिश्चितता गरेको छ । जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ र मुलुकी अपराध संहिता, २०७४ समेतले यस्ता हकहरुको प्रत्याभूति गरेको छ । यसैगरी सर्वोच्च अदालतले समेत जातीय विभेद र छुवाछुतको न्यूनीकरण गर्ने सम्बन्धमा महत्वपूर्ण आदेशहरु दिएको छ ।

यस किसिमका संवैधानिक तथा कानूनी व्यवस्थाका बाबजुद कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अझै पनि जातीय विभेदका घटनाहरु भइरहेका र आरोपित भनिएकाहरुलाई समयमै छानविनको दायरामा नल्याइएको स्थिति देखिन्छ । काडमाडौँमा जातीय पहिचानको आधारमा कोठा नदिई भेदभाव गरेको, सर्लाही र सुनसरीमा अन्तरजातीय विवाह गरेका जोडीलाई सम्बन्ध विच्छेद गर्न बाध्य पारिएको, रामेछापमा १३ वर्षीया बालिकालाई घरभित्र पसी दही खाएको आरोपमा दिनभर यातना दिइएकोलगायतका घटनाहरु आयोगको जानकारीमा आएका छन् । यसैगरी विद्यालय, होटल, चिया पसल, पानीपँधेरा र सामाजिक जमघटका कार्यमा अझै पनि विभेद हुने गरेको, दलित महिलामाथि भएका यौन दुर्व्यवहारका घटना सम्बन्धमा प्रहरीमा उजुरी नपर्ने र परे पनि मेलमिलाप गराउने गरिएको, स्थानीय तहबाट प्रदान गर्ने सेवासुविधाहरू दलितमैत्री हुन नसकेको जस्ता तथ्यहरु आयोगको अनुगमनबाट प्राप्त भएका छन् । आयोगमा गतवर्ष जातीय विभेदसँग सम्बन्धित नौ वटा उजुरीहरू दर्ता भएका छन् । उल्लिखित घटना र अवस्थाले व्यक्तिको मानवोचित, मर्यादित र भेदभावरहित जीवनयापनमा असर परेको देखिन्छ । विद्यालयमा हुने जातीय विभेद तथा अन्तरजातीय विवाहका कारण भएका हत्यालगायतका घटनाका दोषीलाई कानूनी दायरामा ल्याउन, विभेदबाट पीडितलाई क्षतिपूर्ति दिन, कानूनी सुधार गर्न एवम् संविधान तथा कानूनमा उल्लिखित जातीय विभेद विरुद्धको अधिकारको प्रभावकारी कार्यान्वयन गर्न र सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न आयोगले यस अघि नेपाल सरकारलाई सिफारिस गरेको छ ।

अत : जातीय विभेदसँग सम्बन्धित घटनाहरुको सूक्ष्म र प्रभावकारी अनुसन्धान गरी दोषीहरुलाई कानूनी कारबाहीको दायरामा ल्याउन, पीडितको सुरक्षाको प्रत्याभूति गर्न, न्यायिक अधिकारका साथै राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न, जातीय विभेद विरुद्धका ऐन तथा कानूनहरुको प्रभावकारी कार्यान्वयन गर्न, जातीय विभेद तथा छुवाछूत सम्बन्धी घटना न्यूनीकरणका लागि कानुनी सचेतना अभिवृद्धि गर्न तथा सर्वोच्च अदालतका आदेश र आयोगका सिफारिसहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिन आयोग नेपाल सरकारलाई पुनः आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org